# भाग ५

## नेपाल सरकार

## गृह मन्त्रालयको

## सूचना

नेपाल सरकारले जाँचबुझ आयोग ऐन, २०२६ को दफा ३ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी अनुचित लेनदेन (मिटर ब्याज) सम्बन्धमा जाँचबुझ गर्न देहाय बमोजिम अनुचित लेनदेन (मिटरब्याज) सम्बन्धी जाँचबुझ आयोग गठन गरेकोले सोही दफाको उपदफा (३) बमोजिम यो सूचना प्रकाशन गरिएको छः-

**१. जाँचबुझ आयोगको संरचनाः**

(क) उच्च अदालतका पूर्व न्यायाधीश श्री बाबुराम रेग्मी - अध्यक्ष

(ख) पूर्व प्रहरी अतिरिक्त महानिरीक्षक श्री भरत बहादुर बोहोरा - सदस्य

(ग) नेपाल अडिटर्स एशोसिएसनका वरिष्ठ उपाध्यक्ष श्री बद्री प्रसाद भट्टराई - सदस्य

**२. जाँचबुझ आयोगको कार्यदिशः**

(क) अनुचित लेनदेन (मिटरब्याज) सम्बन्धी जाँचबुझ आयोगले देहाय बमोजिमका उजुरी जाँचबुझ गर्नेः-

१. नलिएको वा नदिएको रकम लिएको वा दिएको भनी लिखत तयार गरेको,

२. वास्तविक रकमभन्दा बढी रकमको लिखत तयार गरेको,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. लेनदेन गर्दाको बखतमा ब्याज रकमसमेत साँवामा जोडी लिखत तयार गरेको,

४. ब्याजलाई साँवामा जोडी नयाँ लिखत तयार गरेको,

५. ऋणीले तिरे बुझाएको रकमको भरपाई नदिने वा लिखत नबनाउने गरेको,

६. प्रचलित कानूनमा तोकिएभन्दा बढी ब्याज लिएको,

७. ऋणको साँवाभन्दा बढी ब्याज लिएको,

८. ऋण असुलीको लागि कुनै प्रकारको धम्की दिएको, हिंसा वा शोषण गरेको,

९. अनुचित लेनदेन (मिटरब्याज) को आधारमा ऋणीको अचल सम्पत्तिको हक हस्तान्तरण गरी लिएको,

१०. ऋण लेनदेनको कारोबारमा नलेखिएको (खाली) वा लिएको रकम भन्दा बढी रकम उल्लेख गरी बाध्यकारी चेक काट्न लगाएको र अनावश्यक लिखत खडा गरेको।

(ख) प्राप्त उजुरी निवेदनका आधारमा सम्बन्धित पक्षलाई उपस्थित गराई लिखतहरू सङ्कलन गर्ने, प्रचलित कानूनबमोजिम आवश्यक लिखतहरू झिकाउने र छानबिन गर्ने, पीडितको पक्षमा रहने प्रमाण सङ्कलन गर्ने, अध्ययन अनुसन्धान, स्थलगत भ्रमण, सर्जमिन, छलफल र साक्षी किनाराका व्यक्तिसँग बयान लिने।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) मिति २०७९।१२।२० मा विशेष अदालतका पूर्वअध्यक्ष श्री गौरी बहादुर कार्कीको अध्यक्षतामा बनेको आयोग र मिति २०८०।१२।८ मा उच्च अदालतका पूर्व न्यायाधीश श्री तेज बहादुर कार्कीको अध्यक्षतामा गठित आयोगले कारबाहीका लागि नेपाल प्रहरीमा पठाएको मिटरब्याज पीडितका निवेदनहरू प्रहरीबाट प्राप्त गरी जिल्लास्तरीय संयन्त्रबाट फछ्र्यौट गराउन मिल्ने निवेदन संयन्त्रबाट फछ्र्यौट गराउने, आयोगबाट गर्न मिल्ने प्रकृतिका निवेदन आयोगले फछ्र्यौट गर्ने र बाँकी जिल्लास्तरीय संयन्त्र एवं आयोगबाट फछ्र्यौट गर्न नमिल्ने वा नसकिने प्रकृतिका निवेदन नेपाल प्रहरीमा फछ्र्यौटका लागि पठाउने।

(घ) लिखतको वर्गीकरण गरी फर्जी तथा अवैध लिखत खारेजीको विधि र प्रक्रिया सिफारिस गर्ने।

(ङ) जाँचबुझबाट स्वेच्छिक मिलापत्र गराउन सम्भव देखिएका उजुरीलाई मिलापत्र गराई फछ्यौट गर्ने।

(च) अनुचित लेनदेन (मिटरब्याज) गर्ने गरी अस्वाभाविक ऋण लगानी गरेको वा शङ्कास्पद कागजात खडा गरी अस्वाभाविक आम्दानी गरेको देखिएमा सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागमा अनुसन्धानका लागि सिफारिस गर्ने।

(छ) अनुचित लेनदेन (मिटरब्याज) सँग सम्बन्धित मुद्दाका कारण जरिबाना ठहर, बिगो कायम र कारागार चलान भएका पीडितका सम्बन्धमा प्रचलित



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कानूनबमोजिम पुनरावलोकन तथा माफी मिनाहाका लागि सिफारिस गर्ने।

(ज) अनुचित लेनदेन (मिटरव्याज) को परिणामबाट प्राप्त भएको सम्पत्तिको हक हस्तान्तरण बदरसम्बन्धी कारबाही गर्नुपर्ने देखिएमा सम्बन्धित निकायसँग आवश्यक समन्वय तथा सहजीकरण गर्ने।

(झ) प्रचलित कानूनबमोजिम अनुचित लेनदेन (मिटरव्याज) का सम्बन्धमा पीडकको विरुद्धमा गर्नुपर्ने कारबाहीका सम्बन्धमा सिफारिस गर्ने।

(ञ) अन्यायको सघनता अध्ययन गरी पीडितलाई क्षतिपूर्ति प्रदान तथा पुनर्स्थापनाका लागि आवश्यक आधार र उपाय सिफारिस गर्ने।

(ट) मौजुदा कानूनमा संशोधन तथा प्रतिस्थापन गर्नुपर्ने विषयको पहिचान गरी मस्यौदासहितको प्रतिवेदन पेश गर्ने।

**३. समयावधि र कर्मचारीः**

(क) आयोगले कार्य प्रारम्भ गरेको मितिले तीन महिनाभित्र रायसहितको प्रतिवेदन गृह मन्त्रालयसमक्ष पेश गर्ने ।

(ख) आयोगको सचिवालयमा आवश्यक पर्ने कर्मचारी गृह मन्त्रालयले उपलब्ध गराउने।

**४. जाँचबुझ आयोगका अध्यक्ष तथा सदस्यको सेवा सुविधा र अन्य व्यवस्थाः**

(क) आयोगका अध्यक्ष र सदस्यहरूलाई पारिश्रमिकबापत मासिक रु.७२,०८२।- (बहत्तर हजार बयासी रुपैयाँ) एवं सो पारिश्रमिकको पच्चिस प्रतिशत भत्ता



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

उपलब्ध गराउने तथा सवारी चालक, इन्धन र सवारी साधन बापत मासिक पचास हजार रुपैयाँ उपलब्ध गराउने।

(ख) आयोगको सचिवालयमा काम गर्ने कर्मचारीलाई बहाल रहेको पदको शुरु तलब स्केलको पच्चिस प्रतिशत भत्ता उपलब्ध गराउने ।

(ग) आयोगलाई आवश्यक पर्ने मसलन्द, फर्निचरलगायतका सामग्री गृह मन्त्रालयले व्यवस्थापन गर्ने।

**५. सचिवालय रहने स्थानः** आयोगको सचिवालय आयोगको परामर्शमा गृह मन्त्रालयले तोकेको स्थानमा रहनेछ।

**आज्ञाले,**
**गोकर्णमणि दुवाडी**
**नेपाल सरकारको सचिव ।**



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।